# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
## National Natural Resources and Fiscal Commission

प. सः

च. नं. / Ref:

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रेस विज्ञप्ति

आज मिति २०७७ साल माघ २१ गते सम्माननीय राष्ट्रपतिज्यूबाट राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका माननीय सदस्यको रुपमा श्री जुद्ध बहादुर गुरुङ र श्री अमरराज मिश्रको नियुक्ति भई सम्माननीय राष्ट्रपतिज्यूको समुपस्थितिमा राष्ट्रपति कार्यालयमा आयोजित सपथ ग्रहण समारोहमा यस आयोगका माननीय अध्ययज्यूले नवनियुक्त माननीय सदस्य द्वयलाई पदको सपथ ग्रहण गराउनुभयो । सपथ ग्रहण समारोह समाप्ति पश्चात नवनियुक्त माननीय सदस्य द्वय यस आयोगमा आई पद बहाली गर्नुभयो । पद बहाली पश्चात आयोगमा आयोजित स्वागत समारोहमा आयोगका माननीय अध्यक्ष श्री बालानन्द पौडेलज्यूले नवनियुक्त माननीय सदस्यहरुलाई आयोगमा स्वागत गर्न पाउंदा आफूलाई अपार खुशी लागेको र आगामी दिनमा वित्तिय संघीयताको प्रभावकारी कार्यान्वयनमा आयोगको भूमिका बढ्दै जाने विश्वास व्यक्त गर्नुभयो । आपसी सहकार्यको माध्यमबाट नै सर्व स्वीकार्य कार्यहरु गर्न सकिने भएकोले आयोगमा खुला हिसाबले विचारहरु छलफलमा ल्याई कार्य अगाडि बढाउनुपर्ने विषयमा समेत माननीय अध्यक्षज्यूले जोड दिनुभयो ।नवनियुक्त माननीय सदस्य श्री जुद्ध बहादुर गुरुङले आफूले विगतमा प्राकृतिक स्रोतको व्यवस्थापनमा गरेको अध्ययन र हासिल गरेका अनुभवहरु व्यक्त गर्नुहुंदै सो अध्ययन र अनुभवबाट आयोगका कार्यहरुमा योगदान गर्दै जाने दृढता व्यक्त गर्नुभयो । सो क्रममा नवनियुक्त माननीय सदस्य श्री अमर राज मिश्रले आयोग एक अध्ययन तथा अनुसन्धानमा आधारित संस्था भएकोले तथ्याङ्कको व्यवस्थापनमा जोड दिनुपर्ने र आयोगलाई अध्ययन अनुसन्धानको स्रोत केन्द्रको रुपमा अगाडि बढाई सहकार्य गर्नुपर्ने विषयमा जोड दिनुभयो । सम्पूर्ण कर्मचारीको तर्फबाट श्रीमान सचिव बेगेन्द्र राज शर्मा पौड्यालले नवनियुक्त माननीय सदस्यज्यूहरुलाई स्वागत गर्नुहुंदै आयोगको कार्य सम्पादनमा सम्पूर्ण कर्मचारिको तर्फबाट सक्रिय भूमिका निर्वाह गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

मितिः २०७७/१०/२१

२०७७/१०/२१

कृष्ण बहादुर बोहरा

सहसचिव एवं प्रवक्ता

सह-सचिव

सिंहदरवार, काठमाडौं, नेपाल, फोन नं. + ९७७-१-४२००५९२, फ्याक्स: + ९७७-१-४२००५९३
Singh Durbar, Kathmandu, Nepal, Tel: +977-1-4200592, Fax: +977-1-4200593
E-mail: info@nnrfc.gov.np, Website: www.nnrfc.gov.np

Scanned with CamScanner